# आठबीस नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## राकमकर्णाली, दैलेख
### कर्णाली प्रदेश, नेपाल

## ढुङ्गा, गिट्टि तथा वालुवाको ठेक्का बन्दोबस्ती सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७८/०४/०५**

यस आठबीस नगरपालिकाको कार्यालय राकमकर्णाली दैलेखको आर्थिक वर्ष २०७८/०७९ को लागि नगर कार्यपालिकाद्वारा स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तथा निम्म बमोजिम उल्लेखित शर्तहरूको अधिनमा रही ढुङ्गा, गिट्टी तथा वालुवा ठेक्का प्रक्रियाद्वारा बिक्रि वितरण गर्नुपर्ने भएकाले इच्छुक फर्महरूले प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र शिलबन्दी बोलपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

१. इच्छुक फर्म वा कम्पनीले आफै वा आफ्नो अधिकार प्राप्त प्रतिनिधि मार्फत तोकिएको समय भित्र अध्याबधिक नविकरण गरिएको व्यवसाय दर्ताको प्रमाणपत्र मुल्य अभिवृद्धि करमा दर्ताको प्रमाणपत्र कर चुक्ताको प्रमाणपत्र स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्र आ.व. २०७६/०७७ सम्मको कर चुक्ता गरेको प्रमाणपत्र नियमानुसारको तपशिलमा उल्लेखित शिलबन्दी बोलपत्रदस्तुर निवेदन साथ पेश गरेपछि यस कार्यालयबाट खरिद गर्न सकिनेछ ।

२. उल्लेखित ठेक्काको कर दस्तुर दररेट र शर्तहरू शिलबन्दी बोलपत्र फारममा संलग्न गरिनेछ । शिलबन्दी बोलपत्रफारम खरिद दस्तुर रु३०००/-(अक्षरेपी : तीन हजार मात्र)को नेपाल इन्भेष्टमेन्ट बैक लि.डाँब शाखा दैलेखमा रहेकोयस कार्यालयको आन्तरिक राजश्व खाता नं. ०६३०१४००२५००८५ जम्मा गरेको बैक भौचर वाकार्यालयमा नगद बुझाएको आम्दानी रसिद लिई आएमा कार्यालयबाट बोलपत्रखरिद गर्न सकिनेछ ।

३. आफुले चाहेको ठेक्का र कबोल गरेको ठेक्का रकम अंक र अक्षरमा स्पष्ट बुझिने गरी उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ। शिलबन्दी बोलपत्र फारम साथ जमानत वापतको रकम यस नगरपालिकाको नाममा नेपाल इन्भेष्टमेन्ट बैक लि डाँव शाखा धरौटी खाता नं.०६३०१४००२५००३० मा दाखिला गरेको सक्कलै भौचर वा कार्यालयको नाममा जारी भएको कम्तिमा १२० दिन म्याद भएको बैंक ग्यारेन्टी विड वण्ड समेत समावेश गर्नुपर्नेछ ।

४. यस कार्यालयको छाप एबम् कार्यालय प्रमुख वा निजको जिम्मेवारी बहन गर्ने व्यक्तिको सहि छाँप नभएको शिलबन्दी बोलपत्र तथा म्याद नाघि वा रित नपुगी प्राप्त भएको शिलबन्दी बोलपत्र माथि कुनै कारबाही हुने छैन।प्राप्त शिलबन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ ।

५. प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजे सम्म यस कार्यालयमा दर्ता गर्न सकिनेछ । दर्ता भएका शिलबन्दी बोलपत्रसोहि दिनको २:०० बजे कार्यालयमा खोलिनेछ साथै खोल्ने समयमा बोलपत्रदाता स्वंयम वा निजको प्रतिनिधि उपस्थित नभएका पनि शिलबन्दी बोलपत्रखोल्न कुनै बाधा पर्ने छैन ।

६. शिलबन्दी बोलपत्र सम्बन्धि अन्य शर्तहरू बोलपत्र फारमा उल्लेख गरे बमोजिम हुनेछ ।

७. अन्य कुराहरू सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित कानुन बमोजिम हुनेछ ।

८. शिलबन्दी बोलपत्र सम्बन्धी थप जानकारीको लागि कार्यालयको वेवसाइटः www.aathabismun.gov.np, इमेलः ito.aathabismun@gmail.com. फोन ०८९६९०४७५, तथा सूचना पाटी मार्फत लिन सकिनेछ ।

**तपशिल**

| सि. नं. | ठेक्का नं. | शिर्षक | परिमाण (घ.मी.) | ठेक्का रकम | ठेक्का फारम दस्तुर रु. | जमानत रकम |
|---|---|---|---|---|---|---|
| १. | ०१/०७८/०७९ | आठबीस नगरपालिका क्षेत्र भित्रको ढुङ्गा, गिट्टि तथा वालुवाको ठेक्का बन्दोबस्ती सम्बन्धी सूचना | ३७,७३६ | ४००००००।- | ३००० ।- | १०००००।- |

**आठबीस नगरपालिका, दैलेख**